annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २३१ पृष्ठ ८ | काठमाडौं, बिहीबार ११ पुस २०८१ | पौष कृष्णपक्ष एकादशी नेपाल संवत् ११४५ | THURSDAY, DECEMBER 26, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# तल्ला थप्ने कहिले, पिलर हाल्ने अहिले

घर जीवनको आधारशीला हो । त्यसैले यो बलियो, गुणस्तरीय र वातावरण अनुकूल हुनुपर्छ । तर, घर बनाउने क्रममा जानीनजानी गरिने केही गल्तीहरूले एकातर्फ यसको आकर्षणलाई बिगारेको हुन्छ भने अर्कोतर्फ हामीलाई असुरक्षित निर्माणको बाटोमा पनि लगेको हुन्छ । यसको सबैभन्दा ठूलो उदाहरण हो घर बनाउने क्रममा छतमा अनावश्यक बनाएर छाडिएका पिलरहरू । यस्ता पिलरहरूले नगरलाई कुरूप र अव्यवस्थित बनाउँदै लगेको छ

**मनिका झा** | *जनकपुरधाम*

– को रिपोर्ट



समाचार पृष्ठ २

जनकपुरधाम उपमहानगर पालिका–४ स्थित आनन्दनगरमा बनाइएका घरहरू जसमा वर्षौंदेखि पिलरहरू जस्ताकै तस्तै छन् । ● मनिका झा

## अजरबैजानमा विमान दुर्घटना, ३० को मृत्यु, २८ को उद्धार



**बाकु** (एजेन्सी) : अजरबैजान एयरलाइन्सको यात्रुबाहक विमान पश्चिमी कजाकिस्तानमा बुधबार दुर्घटनाग्रस्त भएको छ। हावाहुरीका कारण निर्धारित गन्तव्यमा जान नसकेपछि मार्गबाट चिप्लिएर दुर्घटनाग्रस्त भएको अधिकारीहरूले बताएका छन्। कजाकिस्तानका अधिकारीहरूले बाकुबाट रूसको ग्रोज्नीका लागि उडेको एम्ब्रेयर १९० विमान क्यास्पियन सागरको पूर्वी किनारामा तेल र ग्यासको केन्द्र अक्टाउ सहरनजिकै दुर्घटना भएको बताएका छन्।

कजाकिस्तानका अधिकारीले विमानमा रहेका ३० भन्दा बढी यात्रुको मृत्यु भएको हुनसक्ने बताएका छन्। मृतकको संख्या अझै औपचारिक रूपमा पुष्टि हुन सकेको छैन।

विमानमा ६२ यात्रु र पाँच चालक दलका सदस्य थिए भने २८ जनालाई जीवितै उद्धार गरी उपचारका लागि अस्पताल पठाइएको छ। उक्त विमान अजरबैजानको राजधानी बाकुबाट क्यास्पियन नदीको पश्चिमी किनारमा रहेको दक्षिणी रुसको चेचन्यास्थित ग्रोज्नी सहरका लागि उडेको थियो। विमान दुर्घटनापछि अजरबैजानका राष्ट्रपति इल्हाम अलियेभले पूर्वसोभियत राष्ट्रहरूको समूह 'कमनवेल्थ अफ इन्डिपेन्डेन्ट स्टेट्स'का नेताहरूको अनौपचारिक शिखर सम्मेलनमा भाग लिन रूसको भ्रमणको कार्यक्रम छोट्ट्याएको उनको कार्यालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

कजाकिस्तानको यातायात मन्त्रालयले सञ्चार माध्यमलाई भनेको छ, 'बाकु-ग्रोज्नी हवाई मार्गमा उडेको एउटा विमान अक्ताउ सहरनजिकै दुर्घटनाग्रस्त भएको छ। यो अजरबैजान एयरलाइन्सको हो।' अजरबैजानको राष्ट्रिय ध्वजाबाहक एयरलाइन्सका अनुसार विमानमा ६२ जना यात्रु र पाँच जना चालक दलका सदस्य थिए। विमानमा अजरबैजानका ३७ जना, कजाकिस्तानका छ जना, किर्गिस्तानका तीन जना र रूसका १६ जना रहेको कजाकिस्तानको यातायात मन्त्रालयले जनाएको छ।

# रावल हटाइए, पाण्डे र तिम्सिना निलम्बनमा

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

नेकपा एमालेले पूर्वउपाध्यक्ष भीम रावललाई पार्टीबाट निष्कासन गरेको छ। लामो समयदेखि अध्यक्ष केपी शर्मा ओली र पार्टीविरुद्ध अभिव्यक्ति दिँदै आएका रावललाई बुधबार बसेको सचिवालय बैठकले संगठित सदस्यबाट हटाउने निर्णय गरेको हो।

पछिल्लो समयमा कीर्तिपुरमा पार्टीको केन्द्रीय कार्यालय बनाउन भाटभटेनीका सञ्चालक मीनबहादुर गुरुङबाट जग्गा दान लिएको विषयमा उनले विरोध गरेका थिए। यही विषयमा चित्तबुझ्दो स्पष्टीकरण नदिएको भन्दै सचिवालय बैठकले रावलको संगठित सदस्यता नै खोसेको छ। जग्गादानको विषयमा नै आलोचनात्मक टिप्पणी गर्ने स्थायी समिति सदस्य बिन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिम्सिनालाई ६ महिनाका लागि निलम्बन गर्ने निर्णय गरिएको छ। 'पार्टीका तीन जना नेतालाई स्पष्टीकरण सोधेका थियौं,' उपमहासचिव प्रदीप ज्ञवालीले भने, 'स्पष्टीकरण उहाँहरूले दिनु त भयो तर पार्टी हितविपरीत अभिव्यक्ति दिएको भन्ने महसुस उहाँहरूले गरेको देखिएन।' उपमहासचिव ज्ञवालीले पूर्वउपाध्यक्ष



भीम रावल



बिन्दा पाण्डे



उषाकिरण तिम्सिना

रावलद्वारा निरन्तर पार्टीलाई कमजोर बनाउने अभिव्यक्ति दिइरहेकाले संगठित सदस्यबाट हटाउने निर्णय गरिएको जानकारी दिए।

'कमरेड भीम रावल महाधिवेशनमा अध्यक्षमा उम्मेदवार हुनुभयो, उपाध्यक्षका निम्ति आग्रह गरिएको कुरालाई मान्नु भएन। त्यसपछि केन्द्रीय सदस्यमा पनि नआउनु भएपछि हाम्रो वैधानिक व्यवस्थाअनुसार सल्लाहकारमा रहनुभयो,' ज्ञवालीले भने, 'त्यो सल्लाहकारको जिम्मेवारी पनि पूरा गर्नुभएन। अभिव्यक्तिहरूचाहिँ पार्टी बलियो बनाउनेभन्दा पनि निरन्तर कमजोर बनाउने हिसाबले आएको हुनाले संगठित सदस्यबाट मुक्त गर्ने निर्णय भएको छ।'

गत कात्तिक ४ गते बसेको एमाले सचिवालय बैठकले उनीहरूलाई स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो। गम्भीर समीक्षामा एमाले विगतमा साट्टसुस्टमै सकिने एमालेको सचिवालय बैठक लामो समय चलेको छ। अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा बसेको यो बैठकले स्थानीय उपनिर्वाचनदेखि सरकारका कामकारबाही लगायतका विषयमा गम्भीर समीक्षा गरेको छ।

स्थानीय तहको उपनिर्वाचनमा एमालेले सोचेअनुसारको परिणाम नआएकोमा अध्यक्ष ओलीसमेत चिन्तित छन्। यो बैठकले स्थानीय निर्वाचनमा सन्तोषजनक परिणाम नआएको भन्दै त्यसको समीक्षा गर्न केन्द्रीय समितिको बैठक तत्काल बोलाउने निर्णय पनि गरेको छ। स्थानीय तहको निर्वाचन परिणामले जनप्रतिनिधिप्रति स्थानीय जनता असन्तुष्ट भएको स्पष्ट देखिएको छ। पहिले जितेका स्थानमा हारेको पहिले हारेका स्थानमा जितेको कारणले यो स्पष्ट देखिएको छ। उपमहासचिव ज्ञवालीले सरकारले गरेको कामबारे सचिवालयमा समीक्षा भएको बताए। अर्थतन्त्रमा सुधार आएको, सेयर बजार बढेको, संक्रमणकालीन ऐन बनेर आयोग बन्ने प्रक्रिया अघि बढेको, सरकारको बाह्य सम्बन्धमा सुधार भएको पनि एमालेको निष्कर्ष छ।

एमालेले सहकारी ठगीमा सरकारले कसैको मुख नहेरी कारबाही प्रक्रिया अघि बढाएकोमा पनि सकारात्मक देखिएको उनले जनाए।

» बाँकी पृष्ठ ६

## सूर्य छुने प्रयासमा नासाको अन्तरिक्षयान

**वासिङ्टन** (एजेन्सी): अमेरिकी अन्तरिक्ष निकाय नासा एउटा अन्तरिक्षयान सूर्यको सर्वाधिक नजिक पठाएर नयाँ कीर्तिमान बनाउने अभियानमा छ। नासाको योजनाअनुसार 'पार्कर सोलर प्रोब' नामक उक्त यान सूर्यको बाह्य मण्डलमा प्रवेश गर्ने छ। त्यस क्रममा उक्त यानले अत्यधिक तापक्रम र विकिरण सामना गर्नुपर्छ।

उडानका क्रममा उक्त यान केही दिन सञ्चार सम्पर्कबाट छुट्टिने छ। वैज्ञानिकहरू उक्त यान सकुशल रहे नरहेको पत्ता लगाउन संकेतको प्रतीक्षामा हुने छन्। त्यस्तो संकेत सम्भवत: यही साता डिसेम्बर २७ अर्थात् शुक्रबार प्राप्त हुने छ। यो सानो अन्तरिक्षयानले सूर्यले कसरी काम गर्छ भन्ने अझ राम्ररी बुझ्न सघाउने आशा वैज्ञानिकको छ।

'सयौं वर्षदेखि मानिसले सूर्यबारे अध्ययन गर्दै आएका छन्। तर, नपुगेसम्म कुनै ठाउँ कस्तो छ भन्ने महसुस गर्न सकिँदैन', नासाको विज्ञान विभागकी प्रमुख निकोला फक्सले भनिन्। उनका अनुसार सूर्यको निश्चित भाग कस्तो छ भनेर थाहा पाउनका लागि पनि त्यहाँ त्यस्तो उडान गर्नै पर्ने हुन्छ।


# झन्–झन् बलियो हुँदै डलर

**ममता थापा** | *काठमाडौं*

पछिल्लो समय अमेरिकामा नयाँ नेतृत्व फेरिएसँगै डलरको मूल्य झन्-झन् बलियो हुँदै गएको छ। गत कात्तिक (नोभेम्बर पहिलो साता) अमेरिकाको राष्ट्रपतिमा डोनाल्ड ट्रम्प निर्वाचित हुँदा नेपालको इतिहासमा डलरको मूल्य दिनप्रतीदिन छिटो गतिमा बढेर कीर्तिमान राख्दै आएको छ।

नेपाल राष्ट्र बैंकले पुस १० गते बुधबार जारी गरेको दररेटअनुसार अमेरिकी डलरको नेपाली रुपैयाँ विनिमय दरको ह्वात्तै बढेर बिक्री मूल्य १३६.०३ र खरिद मूल्य १३६.६३ रुपैयाँ पुगेको छ। अमेरिकामा निर्वाचनपछि नयाँ नेतृत्व आउने भनेसँगै गत कात्तिक २२ गते बिहीबार अमेरिकी डलरको बिक्री मूल्य ह्वात्तै बढेर १३५.१६ पुग्यो भने खरिद मूल्य भने १३४.५६ रुपैयाँ भयो। करिब ६ महिना यतादेखि अमेरिकी डलरको बिक्री मूल्य १३४ रुपैयाँ आसपासमा चलिरहेको थियो।

डलरको मूल्यको तुलनामा युरो पाउन्ड स्टर्लिङ, अस्ट्रेलियन डलरको नेपाली विनिमयदर मूल्य भने घटेको छ। गत कात्तिक २२ मा युरो बिक्री मूल्य १४४.८६ र खरिद मूल्य १४४.२१ रहेको थियो तर अहिले (पुस १०)मा घटेर बिक्री मूल्य १४१.४७ र खरिद मूल्य १४२.१० मा कायम भएको छ। यस्तै, पाउन्ड स्टर्लिङको बिक्री मूल्य पनि घटेर १७०.५१ र खरिद मूल्य १७१.२७ मा सीमित छ। यससँगै, अस्ट्रेलियन डलरको बिक्री मूल्य पनि घटेर ८४.७९ र खरिद मूल्य ८५.१७ रुपैयाँ पुगेको छ।




यतिबेला धेरैको चासो अमेरिकी मूल्य किन यत्ति धेरै बढ्यो भन्ने छ। अमेरिकाको राष्ट्रपतिमा ट्रम्प निर्वाचित भएर आएसँगै अब अमेरिकाको फस्ट पोलिसी अर्थात् हरेक कुरामा अमेरिकालाई पहिलो प्राथमिकता दिने भएकाले पछिल्लो समय विश्व अर्थतन्त्रमा डलरको मूल्य झन् बलियो हुँदै गएको विज्ञहरू बताउँछन्। नयाँ राष्ट्रपति आएसँगै अमेरिकाले थप संरक्षणवादी नीति लिने र अरू मुलुकबाट हुने आयात बढाउने कारणले गर्दा अमेरिकी डलर अझै बलियो हुने वातावरण देखिएको नेपाल राष्ट्र बैंकका आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट बताउँछन्। अमेरिकाले संरक्षणवादी नीतिलाई थप अगाडि लैजान लागेकाले अरू मुलुकबाट हुने आयातको भन्सार बढाउने भएकाले अन्य मुलुकको आर्थिक वृद्धिदर प्रभावित हुने उनले औंल्याए।

'अहिले अमेरिका बलियो मुलुक छ। राम्रो आर्थिक वृद्धि, मुद्रास्फीति तल छ। समग्र अर्थतन्त्र सवल छ। अमेरिकाले संरक्षणवादी नीति लगाएर आयातमा भन्सार बढाउँदा ठूला मुलुकको आर्थिक वृद्धि प्रभावित हुन्छ। जबकी अहिले नै अमेरिकी अर्थतन्त्र सुदृढ छ। यसैले अझै डलरको मूल्य कति पुग्छ भन्ने अनुमान गर्न सक्ने स्थिति छैन', उनले भने।

यसैक्रममा अर्थविद् डा. चन्द्रमणि अधिकारी अहिलेको नेतृत्वले हरेकमा अमेरिकी नागरिकलाई पहिलो प्राथमिकता दिने, त्यही देशको उद्योग, लगानीकर्तालाई बढी महत्व दिने र ब्याजदरलाई उपयुक्त सीमामा राख्ने नीति लिएकाले पनि यतिबेला डलरको मूल्य बलियो हुँदै गएको तर्क गर्छन्।

'यसअघि सुनको माग बढेको थियो तर अहिले सुनको मूल्य स्थिर भएको छ। सुनको माग स्थिर भएपछि डलरमा लगानी गर्छन्। त्यसकारण पनि डलरको मूल्य बढेको हो', उनले भने। पछिल्लो समय विश्वको अर्थतन्त्र तरल भएको कारणले अझै डलरको मूल्य कतिसम्म आकासिन्छ भन्ने एकिन गर्न नसकिने डा. अधिकारीको अनुमान छ।

» बाँकी पृष्ठ ६